**निर्णयः बैठक संख्याः २०४ मितिः २०७७/०३/३० विहान ११:०० बजे**

समितिको आजको बैठकमा कारागर सुधार तथा कैदीबन्दी व्यवस्थापन सम्बन्धमा छलफल हुँदा देहाय बमोजिमको निर्णय भयोः-

१. कारागार सुधार तथा कैदीवन्दी व्यवस्थापनका सम्बन्धमा यस अघि विभिन्न मितिहरुमा समितिले दिएका सुझाव एवं निर्देशनहरुको कडाईका साथ कार्यान्वयन गर्ने गराउने,

२. फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ मा उल्लिखित व्यवस्था अनुसार-कैदीवन्दीहरुलाई सुधार गृहमा पठाउने, सामाजिक एवं सामुदायिक सेवामा लगाउने, पुनःस्थापना केन्द्रमा पठाउने, खुला कारागारमा राख्ने, प्यारोलमा राख्ने, सामाजिकीकरण गर्ने, शारीरिक श्रममा लगाउने, प्रोवेशन र प्यारोल अधिकृत तोक्ने, कैद छुट भएपछि आयमूलक कार्यमा सहभागी हुने, लगायतका कारागार र कैदीवन्दी सम्बन्धी व्यवस्थाहरुको यथाशिघ्र कार्यान्वयनको लागि आवश्यक व्यवस्था मिलाउने,

३. प्रोवेशन तथा प्यारोल वोर्डलाई तत्काल पूर्णता दिदै क्रियाशिल बनाउने,

४. कारागारहरुको विकास र विस्तार गरी श्रोत साधनसम्पन्न बनाउन आवश्यक व्यवस्था मिलाउने,

५. कसुरको गाम्भिर्यता र स्वास्थ्य स्थितिका आधारमा कैदीवन्दीहरुलाई राख्नका लागि अलग अलग स्थानको व्यवस्था गर्ने,

६. कैदीवन्दीहरुलाई कोभिड-१९ को परीक्षण गर्ने व्यवस्था मिलाउने,

७. कोभिड-१९ को संक्रमणलाई मध्यनजर राखी बढी जोखिममा रहेका कैदीवन्दीका मुद्दाहरुलाई प्राथमिकीकरण गरी त्यस्तो मुद्दाको छिटो कारवाही र किनाराको लागि आवश्यक समन्वय गर्ने,

८. सिधा खर्च (रासन) लाई बजार महंगी अनुसार समयानुकूल पूनरावलोकन गर्ने,

९. फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३७ मा रहेको कैदकट्टा नहुने कसुरहरुको सूचीमा पूनरावलोकन गरी ऐन संशोधनको कारवाही अघि बढाउने,

१०. उपरोक्त सुझाव एवं निर्देशन कार्यान्वयनको लागि सम्बन्धित मन्त्रालय एवं निकायहरुमा लेखी पठाउने ।